# गौरीशंकर गाउँपालिकाको १५ औं गाउँ सभामा प्रस्तुत बजेट वक्तव्य २०८१/०८२

सम्मानित सभाका अधक्ष्य,

**गाउँ सभाका सदस्यज्यूहरु,**

सर्वप्रथम नेपाल राष्ट्रको रक्षा, संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना एवम् मलुकको सर्वाङ्गिण विकास, समृद्धि र अग्रगमनको लागि विभिन्न समयमा भएका राजनैतिक क्रान्ति, दश बर्षे जनयुद्ध तथा विभिन्न जनआन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात सहिदप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै दिवंगत हुनुभएका गाउँपालिकाका उपाध्यक्ष श्यामसुन्दर तामाङ प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । देशमा राजनैतिक परिवर्तनको लागि नेतृत्व प्रदान गर्नुहुने श्रद्धेय नेतागणसहित सम्पूर्ण गौरीशंकरबासीहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहान्छु ।

**गाउँसभा सदस्यज्यूहरु,**

**सभाको अध्यक्षको अनुमतिअनुसार सम्मानित सभामार्फत अब म आ.व.२०८१/८२ को बजेट प्रस्तुत गर्न चाहन्छु ।**

१. यस आर्थिक वर्ष भोर्ले देखि गाउँपालिका कार्यालय जोड्ने सडक कालोपत्रे गर्न शुरुवात गरिएकोमा उक्त सडक लगायतका अन्य सडकलाई स्तरोन्नती गर्दै संघ तथा प्रदेशबाट समपुरक अनुदानमा परेका सडकहरुमा बजेटको व्यबस्था मिलाएको छ ।

२. गाउपालिकाभित्र निर्माण हुन बाँकी रहेको वडा कार्यालय र बिद्यालय भवन निर्माण साथै एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

३. यस गाउँपालिकाबाट कृषि तथा पशुपंक्षी सम्बन्धित प्रोत्साहन तथा अनुदानका कार्यक्रमहरुलाइ निरन्तरता दिइएको छ ।

४. विश्व पशुस्वास्थ्य संगठनको २०३० सम्ममा विश्वबाट रेविज रोगलाई निर्मुल पारी रेविज रोगबाट मानिसले ज्यान गुमाउन नपर्ने रणनितिक योजनालाई आत्मसात गर्दै गौरीशंकर गाउँपालिकालाई पनि रेविज रोग मुक्त गाउँपालिका बनाउनको लागि आवश्यक व्यबस्था मिलाएको छ ।

५. गाउँपालिकावाट निःशुल्क वितरण गरिने पशुपंक्षी सम्बन्धि अत्यावश्यक औषधीलाई वर्षभरी नै सहज रुपमा उपलब्ध हुने व्यवस्था तथा पशुपंक्षीहरुमा लाग्ने महामारीजन्य रोगहरु विरुद्धको खोप संचालन कार्यक्रमलाई निरन्तरता दिइएको छ।

६. गाउँपालिकाको पर्यटकीय गुरुयोजना निर्माण गरि कार्यान्वयनको लागि आबश्यक व्यबस्था गरेको छ ।

७. आदिबासी, जनजाती लगायतका वर्गको भाषा, सँस्कृति, रितीरिवाज, परम्परा, लिपी आदिको संरक्षण एबम् प्रबर्द्धन गर्नका लागि पर्यापर्यटन कार्यक्रम र धार्मिक स्थलहरुको संरक्षण र सम्बर्द्धन गर्न आबश्यक व्यबस्था मिलाएको छ।

८. गौरीशंकर गा.पा., बैतेश्वर र जिरी न.पा. को सीमानामा गौरीशंकर हिमालको सामुन्ने रहेको हनुमन्ते डाँडामा अवस्थित शिवको अवतार हनुमानलाई उच्च पहाडी क्षेत्रको हनुमान पर्यटनको प्रमुख गन्तव्य बनाउने गरी सीमाक्षेत्रका सबै स्थानीय तहको सहकार्य र साझेदारीमा हनुमन्ते पर्यटन क्षेत्र विकास कार्यक्रमका लागि आवश्यक बजेटको व्यबस्था मिलाएको छु ।

९. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप योगदान पुग्ने गरी गौरीशंकर रोजगार कार्यक्रम र रोजगार रणनीतिको कार्यान्वयन गर्न आवश्यक बजेटको व्यबस्था मिलाएको छु ।

१०. आगामी आर्थिक बर्षमा गाँउपालिकामा रोजगारीको अबस्थाको विस्तृत विवरणको अध्ययन गरि तथ्याङ्क सङ्कलन गर्ने तथा बेरोजगार युवाहरुकोलागी प्रोत्साहन र सिप बिकास प्रबर्दन, परमपरागत पेसा, सिप र कला प्रबर्दनका लागि आबश्यक बजेटको व्यबस्था मिलाएको छु।

११. सहकारीलाई आर्थिक विकास सँग जोड्न गाउँपालिकाभित्र रहेका सहकारीलाई थप नियमन गरी कृषि,उत्पादन र बजारीकरणसँग आबद्ध गर्ने तथा कृषि सँग सम्बन्धित सहकारी, संघ संस्थाहरुलाई कृषि उत्पादन र प्रोत्साहन गर्न अनुदान कार्यक्रमलाइ निरन्तरता दिइएको छु ।

१२. ***गाउगाउमा अभिभावक शिक्षा घर-घरमा समिक्षा***भन्ने मुला नाराको साथ् अभिभावकलाई शिक्षामा जोडनुको साथै शिक्षालाई बदलिदो परिवेश र प्रविधिको पहुँचमा जोड्नको लागि सबै माध्यमिक बिद्यालयमा सिसि क्यामेरा, इ हाजिरी जडानका साथै प्रबिधिमैत्री शिक्षा प्रणालीलाई अबलम्बन गर्नको लागि आबश्यक बजेटको व्यबस्था गरेको छु ।

१३. शिक्षामा नयाँ, नयाँ ज्ञान र अनुभवलाई आदानप्रदानको लागि प्रधानाध्यापकहरुलाई नमुना बिद्यालयहरुको भ्रमण विभिन्न प्रकारका बिषयगत तालिम सेमिनार तथा गोष्ठीको लागि आबश्यक बजेटको व्यबस्था गरेको छु ।

१४.आधारभूत तह कक्षा १-८ को स्थानीय पठ्यक्रममा आधारित पाठ्यपुस्तक लेखन, निवृत्तीभरण प्राप्त शिक्षकहरुको लागि शैक्षिक अवकाश योजना, साथै सुत्केरी बिदाबाट पर्ने शैक्षिक क्षतीको परिपूर्तिको लागि आबश्यक बजेटको व्यवस्था मिलाएको छु।

१५. गाउँपालिका भित्र प्राबिधिक जनशक्ति उत्पादन गर्न छात्रबृत्ति प्रदान, प्र.अ.हरुलाई प्रोत्साहन गर्न प्रदान गरिएको थप प्र.अ. भत्ता, उत्कृष्ट अभिभावक, शिक्षक, विद्यार्थी, प्रधानाध्यापक, बि.व्य.स. र विद्यालयलाई उचित सम्मान तथा पालिकाको थप दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइएको छु ।

१६. बालमैत्री स्थानीय शासनको अवधारणालाई आत्मसात गर्दै बालमैत्री गाउँपालिका घोषणा गर्न आबश्यक व्यबस्था मिलाएको छु ।लैंगिक हिंसा न्यूनीकरण, लैंगिक हिंसा तथा सबै क्षेत्रमा लैंगिक पहुँच, समानता र समता सुनिश्चित गर्न आवश्यक व्यवस्था गरेको छु ।

१७. महिलाहरुको लागि मागमा आधरित उद्यमशीलता तालिम, आमाबाबु बिहिन बालबालिकाको संरक्षण, बालविवाह, छुवाछुत, जातीय भेदभाव अन्त्य तथा सामाजिक सुरक्षा भत्ता वितरण घुम्ति शिविरलाइ निरन्तरता दिइएको छु ।

१८. पालिकाभित्रका प्रेषण गर्नुपर्ने गर्भवती महिला र क बर्गको अपांगको लागि प्रदान गरिएको निशुल्क एम्बुलेन्स सेवा, मुटुरोग, क्यान्सर, मृगौला डायलाइसिस लगायत गम्भीर प्रकृतिका रोगीलाई आर्थिक सहायता, सुत्केरी भेटघाट कार्यक्रम, ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम, स्वयमसेविकालाई प्रदान गर्दै आएको यातायात रकमलाइ  निरन्तरता दिइएको छ।

१९. स्वास्थ्यकर्मिहरुको लागी खोप तथा गाउघर क्लिनिक संचालनको लागि यातायात खर्च, आधारभूत स्वास्थ्य केन्द्र तथा सामुदायिक स्वास्थ्य इकाई संचालन गर्न कर्मचारीको पारिश्रमिक लागि आबश्यक बजेटको व्यबस्था गरेको छ ।

२०. गर्भवती तथा सुत्केरी आमाको लागि पोषण कार्यक्रम, पोषणमैत्री स्थानिय शासन अवलम्वन गर्दै आगामी ३ बर्ष भित्र गाँउपालिका लाइ पोषणमैत्री स्थानीय तह घोषणा गर्ने गरी लक्षित कार्यक्रम सन्चालनका लागि आवश्यक व्यवस्था मिलाएको छ ।

२१. विपद व्यवस्थापनको पूर्वतयारी, राहत, उद्धार, पुर्नस्थापना, पहिरोको जोखिम रहेका स्थानहरुको पहिचान गरी वृक्षारोपण तथा नदी तटीय क्षेत्रको संरक्षण र  सम्बर्द्दनको लागि आवश्यक व्यबस्था मिलाएको छ ।

२२. विपद व्यवस्थापन कोषमा आवश्यक बजेटको व्यवस्था गरेको छ ।

२३. गाउँपालिकाबाट प्रदान गर्ने सेवालाई सरल, सहज पारदर्शी, जवाफदेहि र मितव्ययी बनाउन, आवश्यक व्यवस्था मिलाएको छ ।

२४. व्यक्तिगत घटना दर्ता कार्यलाई प्रभावकारी र व्यवस्थित बनाउन ३५ दिनभित्र जन्म र मृत्यु दर्ता गराउनेलाई नगद प्रोत्साहनको व्यवस्थालाई निरन्तरता दिइएको छ ।

२५. बजारउन्मुख क्षेत्रमा हाटबजार व्यवस्थापनको लागि आवश्यक बजेटको व्यबस्था गरेको छ ।

२६. न्यायिक समितिबाट हुने न्यायिक निरुपणलाई सर्वसुलभ, समुदाय स्तरीय कानुनी साक्षरता, तथा मेलमिलाप केन्द्रको संस्थागत सुदृढीकरणको लागि आवश्यक व्यवस्था मिलाएको छ ।

२७.सहिद परिवार भेटघाट तथा सम्मान कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।

अन्त्यमा, प्रस्तुत बजेट गौरीशंकर गाउँपालिकाको सर्वपक्षीय विकासको लागि कोशेढुङ्गा सावित हुने विश्वास लिएको छ । यस बजेट कार्यान्वयनमा सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी लगायत गाउँपालिकाबासीहरुमा हार्दिक धन्यबाद दिन चाहन्छु ।साथै  विभिन्न राजनैतिक दल, गाउँपालिकाका सम्पूर्ण निर्बाचित जनप्रतिनिधि, कर्मचारी साथीहरु , सरकारी तथा गैह्र सरकारी संघ संस्थाहरु, नागरिक समाज, आम संचार माध्यमहरु तथा सम्पूर्ण गौरीशंकर पालिकाबासीहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । यहाँहरुले गाउँपालिकाको विकास र सेवा प्रवाहको लागि गर्नुभएको पहल र सहकार्यको उच्च कदर गर्दै आ.ब. २०८१/०८२ को बजेट कार्यान्वयनमा समेत यहाँहरुको महत्त्वपूर्ण सहयोग हुने अपेक्षा सहित हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

धन्यबाद !

**गाउँसभा सदस्य ज्यूहरु,**

**अब म आ व २०८१/८२ को अनुमानित आय विवरण पेश गर्न अनुमति चाहन्छु ।**

| क्र. सं. | आम्दानी विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | संघीय सशर्त अनुदान | २१,५४,००,००० | एक्काइस करोड चवन्न लाख |
| २ | संघीय समपुरक अनुदान | १,५०,००,००० | एक करोड पचास लाख |
| ३ | संघीय विशेष अनुदान | २,००,००,००० | दुइ करोड |
| ४ | प्रदेश सशर्त अनुदान | ३,१४,०८,००० | तिन करोड चौध लाख आठ हजार |
| ५ | प्रदेश समपुरक अनुदान | २,००,००,००० | दुइ करोड |
| ६ | प्रदेश विशेष अनुदान | ८०,००,००० | असी लाख |
| ७ | वित्तिय समानिकरण अनुदान, नेपाल सरकार | १०,४९,००,००० | दश करोड उन्चास लाख |
| ८ | राजस्व बाडँफाँड, नेपाल सरकार मूअक, अन्तशुल्क, वन, पर्वतारोहण विधुत रोयल्टी | १०,६५,००,००० | दश करोड पैसठ्ठी लाख |
| ९ | वित्तिय समानिकरण अनुदान, प्रदेश सरकार | १,०५,६२,००० | एक करोड पाच लाख बैसठ्ठी हजार |
| १० | सवारी साधन कर ( राजस्व बाडँफाँड ), प्रदेश सरकार | ४,३६,३६,६५० | चार करोड छत्तीस लाख छत्तीस हजार छ सय पचास रुपैया |
| ११ | आन्तरिक आम्दानी | ३०,००,००० | तीस लाख |
| १२ | अल्या | १,००,००,००० | एक करोड |
| **जम्मा** | | **५८,८४,०६,६५०** | **अन्ठाउन्न करोड चौरासी लाख छ हजार छ सय पचास रुपैया** |

**सम्मानित सभाका सभाअध्यक्ष ज्यू,**
**तथा गाउँसभा सदस्य ज्यूहरु,**

अब म आ.व. २०८१/८२ को अनुमानित व्ययको विवरण पेस गर्दछु ।

| क्र. सं. | व्यय विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | समपुरक पालिका योगदान सघ र प्रदेश | ३,५०,००,००० | तिन करोड पचास लाख |
| २ | वडागत विनियोजन | ४,६०,००,००० | चार करोड साठी लाख |
| ३ | पालिका स्तरीय योजना | १,९३,९८,६५० | एक करोड त्रियानब्बे लाख अन्ठानव्वे हजार छ सय पचास |
| ४ | शिक्षा, युवा तथा खेलकुद | २,३०,००,००० | दुई करोड तीस लाख |
| ५ | स्वास्थ्य | १,५०,००,००० | एक करोड पचास लाख |
| ६ | विपद व्यवस्थापन कोष | ५०,००,००० | पचास लाख |
| ७ | कृषि तथा पशुपन्छी विकास | ५०,००,००० | पचास लाख |
| ८ | पर्यटन सँस्कृति र प्रचार | १०,००,००० | दश लाख |
| ९ | लक्षित बर्ग कार्यक्रम | १०,००,००० | दश लाख |
| १० | न्यायिक समिति | ७,००,००० | सात लाख |
| ११ | साझेदारीमा कार्यक्रम सञ्चालन | २०,००,००० | बीस लाख |
| १२ | सुशाशन तथा सूचना प्रबिधि | १०,००,००० | दश लाख |

| | | | |
|---|---|---|---|
| १३ | एक्साभेटर तथा एम्बुलेन्स संचालन | २०,००,००० | विस लाख |
| १४ | व्यक्तिगत घटना दर्ता प्रोत्साहन | २०,००,००० | बीस लाख |
| १५ | छात्रबृत्ति | ३०,००,००० | तीस लाख |
| १६ | प्रशासनिक भवन फर्नीचर डेकोरेसन | ६०,००,००० | साठी लाख |
| १७ | सहिद परिवार सम्मान | ५,००,००० | पाँच लाख |
| १८ | चालु प्रशासनिक | ९,९५,००,००० | नौ करोड पन्चानब्बे लाख |
| १९ | कार्यपालिका निर्णय पुँजीगत | ५०,००,००० | पचास लाख |
| २० | कार्यपालिका निर्णय चालु | ३०,००,००० | तीस लाख |
| २१ | भैपरी आउने पुँजीगत खर्च | ३५,००,००० | पैत्तिस लाख |
| २२ | संघीय सशर्त अनुदान | २१,५४,००,००० | एक्काइस करोड चउन्न लाख |
| २३ | संघीय समपुरक अनुदान | २,००,००,००० | दुइ करोड |
| २४ | संघीय विशेष अनुदान | १,५०,००,००० | एक करोड पचास लाख |
| २५ | प्रदेश सशर्त अनुदान | ३,१४,०८,००० | तिन करोड चौध लाख आठ हजार |
| २६ | प्रदेश समपुरक अनुदान | २,००,००,००० | दुई करोड |
| २७ | प्रदेश विशेष अनुदान | ८०,००,००० | असी लाख |
| | **कुल जम्मा** | **५८,८४,०६,६५०** | **अन्ठाउन्न करोड चौरासी लाख छ हजार छ सय पचास रुपैया** |

**समष्टिमा यस आर्थिक वर्षका लागि जम्मा अन्ठाउन्न करोड चौरासी लाख छ हजार छ सय पचास रुपैया बजेट व्यवस्था गरेको छु ।**